Union Network International (UNI) र नेपाल ट्रेड युनियन काँग्रेस (NTUC) सँग आबद्ध

# नेपाल वित्तीय संस्था कर्मचारी संघ

## राष्ट्रिय समिति

## बबरमहल, काठमाण्डौ, नेपाल

(स्थापित : २०४७)

# ध्यानाकर्षण विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको COVID-19 (Corona Virus) को कारण विश्वव्यापी रुपमा १७ लाख भन्दा बढी मानिसहरु संक्रमित तथा करीब १ लाख भन्दा बढी मानिसहरुको मृत्यु भइसकेको छ । विश्वका विभिन्न देशहरुमा आन्तरिक तथा वाह्य आवागमन निषेध गरिएको छ । यस महामारीको प्रभावले देशको सम्पूर्ण क्षेत्रमा पर्ने नकारात्मक असरले गर्दा समग्र वित्तीय तथा आर्थिक क्षेत्रमा गम्भीर प्रभाव पर्ने देखिएकोले नेपाल सरकारले मिति २०७६ चैत ११ गतेदेखि हालसम्म देशव्यापी रुपमा Lockdown गरी आएको छ ।

यसै परिप्रेक्षमा नेपालको प्रचलित कानूनले नेपालमा बैंक तथा वित्तीय संस्थाहरुलाई अत्यावश्यक सेवा प्रदायक संस्थाको रुपमा वर्गीकरण गरेको छ । आमजनताहरुलाई बैंकिङ्ग तथा वित्तीय सेवाहरु प्रवाह गर्न बैंक तथा वित्तीय क्षेत्रका कर्मचारीहरु Lockdown को अवधिमा पनि कार्यालयमा गई निरन्तर रुपमा सेवा प्रदान गर्दै आइरहेका छन् । देशका कुल ७५३ स्थानीय तहमध्ये ७४६ तहमा वाणिज्य बैंकका शाखा विस्तार भएका छन् । बैंक तथा वित्तीय क्षेत्रका कर्मचारीहरु ती अधिकांश स्थानियतह तथा देशका प्रमुख शहर र केन्द्रीय कार्यालयबाट समेत यस महामारीको विषम परिस्थितिमा पनि देश र जनताको सेवाका लागि जिम्मेवारी पूर्वक कर्तव्यनिष्ठ भई नियमित रुपमा कार्यालयमा गई सेवा प्रदान गरी रहेका कर्मचारीहरुलाई देहाय बमोजिमको स्वास्थ्य सुरक्षा, विमा सुरक्षा तथा विशेष आर्थिक सुविधा र प्रोत्साहनको व्यवस्थागरी कर्मचारीको मनोवल बढाउनुको साथै काम प्रति उत्प्रेरित गर्ने वातावरण सृजना गर्न नेपाल सरकार, नियामक निकाय, सम्बन्धित संस्था तथा सरोकारवाला निकाय सबैको ध्यानाकर्षण गराउँदछौँ ।

१) **World Bank तथा IMF ले कोरोना भाइरसको महामारीको कारणले विश्वको अर्थतन्त्रमा ठूलो क्षति पुग्न गई लामो समयसम्म आर्थिक मन्दी हुनसक्ने अनुमान गरेको र यस्को कारण लाखौंको संख्यामा कार्यरत श्रमिकहरुको रोजगार गुम्न सक्ने जोखिम रहेको हुँदा विप्रेषणमा निर्भर हाम्रो अर्थतन्त्रमा पर्नसक्ने जोखिम न्युनिकरण गर्न नेपाल सरकारले समयमै उपयुक्त एवं प्रभावकारी कदम चाल्नु पर्ने ।**

२) **कोरोना भाइरसको कारण लामो समयको लकडाउनको कारण आर्थिक गतिविधिहरुमा गम्भीर असर पर्न गएको हुँदा वित्तीय क्षेत्रमा हुनसक्ने सम्भावित जोखिमलाई न्युनिकरण गर्न सम्बन्धित निकायले प्रभावकारी राहत प्याकेजको व्यवस्था गर्नुपर्ने ।**

नेपाल वित्तीय संस्था कर्मचारी संघ २०४७ राष्ट्रिय समिति

पो.ब.नं. : ८९७५ (इपिसी ५१२२), फोन/फ्याक्स : +९७७-१-५७०५३५६, Email : mail@fieun.org.np, info@fieun.org.np,
Web : www.fieun.org.np

३) यस विषम परिसथितीमा सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुले सबैं कर्मचारी (स्थायी/अस्थायी/करार) हरुको सेवा तथा सेवाशर्तको सुरक्षाको पूर्ण ग्यारेन्टी गर्नुको साथै यस क्षेत्रका कर्मचारीहरुको कार्यक्षेत्रको हकको सुरक्षा, कार्यक्षेत्रमा सुरक्षित भई काम गर्न पाउने वातावरणको सुनिश्चितता, एकता र सहयोगको सिद्धान्तलाई प्राथमिकतामा राखेर यस संकटको घडीलाई सवै-सँगै मिली पारगर्ने एक्येबद्धता जाहेर गर्नुपर्ने ।

४) संस्थाको काममा खटिएका कुनै कर्मचारीहरु कोरोना भाइरसबाट संक्रमित भई उपचार गर्नुपर्ने भएमा अतिशिघ्र साधन (तराईमा सुविधायुक्त एम्वुलेन्स, पहाडिक्षेत्रमा भए हेलिकप्टर) द्वारा सुविधा सम्पन्न अस्पतालमा उपचारको लागि पुऱ्याउनु पर्ने र निजको औषधीउपचार लगायत सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्ने ।

५) कोरोना भाइरस महामारीको अवधिमा संस्थाको काममा खटिई काम गर्ने कर्मचारीहरुलाई अनिवार्य रुपमा पर्याप्त स्वास्थ्य बीमाको ब्यवस्था गर्नुको साथै कर्तव्य पालनको क्रममा कुनै कर्मचारीको कोरोना भाइरसका कारणले मृत्यु भएमा निजले संस्थामा तिर्नपर्ने सम्पूर्ण कर्जाहरु मिनाहागरी निजको आश्रित परिवारलाई कम्तीमा रु. ५० लाख बराबरको राहतको व्यवस्था गर्नुपर्ने ।

६) यस विषम परिस्थितिमा वित्तीय क्षेत्रमा खटिएका कर्मचारीहरुलाई प्रकोप पश्चात सम्बन्धित संस्थाले प्रोत्साहन भत्ताको साथै ग्रेडबृद्धि तथा पुरस्कार, बैदेशिक तालिमको अवसर आदिको व्यवस्था गर्नुपर्ने ।

७) सेवा प्रवाहमा खटिएका सम्पूर्ण कर्मचारीहरुलाई कोरोना भाइरसबाट सुरक्षित राख्नको लागि पर्याप्त मात्रामा गुणस्तरीय मास्क, सेनिटाइजर, पञ्जा लगायतका आवश्यक स्वास्थ्य सामाग्रीहरुको व्यवस्था गर्नुपर्ने ।

८) Lockdown अवधिभर कर्मचारीहरुलाई कार्यालयमा आवातजावत गर्न सम्बन्धित संस्थाले अनिवार्य रुपमा सवारी साधनको व्यवस्था गर्नुपर्ने ।

९) WHO तथा नेपाल सरकारले उल्लेख गरे बमोजिमको १ मिटर (३ फिट) सामाजिक दूरी कायम (Maintain social distance) गरी आधारभूत रुपमा कर्मचारीहरुलाई सेवा प्रवाह गर्न उपयुक्त वातावरणको व्यवस्था गर्नुपर्ने ।

१०) बीमा क्षेत्रको नियमनकारी निकायबाट २०७७ सालको लागि बीमक, सर्भेयर र बीमा अभिकर्ताको इजाजतपत्र २०७६ चैत्र मसान्तभित्र नविकरण गर्नुपर्नेमा महामारीको विषम परिस्थितीले हाल सम्भव नभएकोले उक्त अवस्था सामान्य भएको ३० दिन भित्र विलम्व शुल्क नलाग्ने गरी नविकरण गर्न पाउने व्यवस्था गर्नुपर्ने ।

**११) जीवन बीमाको हकमा बीमितले तिर्नुपर्ने बीमाशुल्क तथा बीमालेखको धितोमा लिइएको कर्जामा लाग्ने ब्याज रकम २०७७ आषाढ मसान्तसम्मको मिनाहा गर्नुपर्ने ।**

**१२) Lockdown को समयमा सम्पूर्ण सवारी साधनहरु नचल्ने हुँदा जति समय लकडाउन हुन्छ त्यति समयसम्म बीमालेखको समयावधि बढाउँने व्यवस्था गर्नुपर्ने ।**

**१३) महामारीको जोखिमबाट जोगिन गरिएको Lockdown को कारण हुँदाखाने श्रमिक तथा आम सर्वसाधारणहरुलाई जीवनधान्न कठीन भएको अवस्थामा नेपाल सरकारले न्यूनतम गाँसको व्यवस्था गर्नुपर्ने ।**

अन्तमा,

***यस कठीन परिस्थितीलाई बहाना बनाएर कुनै पनि बैंक तथा वित्तीय संस्थाको व्यवस्थापनले, कुनै कर्मचारीलाई जागिरबाट हटाएमा वा विमुख गरेमा नेपाल वित्तीय संस्था कर्मचारी संघलाई सो निर्णय कुनै हालतमा सह्य हुनेछैन र त्यसको कडा प्रतिरोध गर्नेछ ।*** यस महामारीले पार्ने असरका सम्वन्धमा बेलैमा सचेत भई वित्तीय क्षेत्र लगायत समग्र अर्थतन्त्रमा पर्नजाने ठूलो क्षतिलाई न्यून गर्न योजनावद्ध रुपमा नीति तथा कार्यक्रमहरु ल्याउने तर्फ गम्भीर हुन सम्वन्धित सबैलाई हार्दिक अनुरोध गर्दछौ ।

माथि उल्लिखित सुझाव तथा आग्रहहरुको सम्वन्धमा गम्भीर भई बेलैमा उचित कदम चाल्न नेपाल सरकार लगायत सम्वन्धित निकाय सबैमा जोडदार माग गर्दछौं । **यस विषम परिस्थितिमा नेपाली दाजुभाई दिदि बहिनी तथा सम्पूर्ण कर्मचारीहरु र सम्बद्ध सबैलाई सजग र एकताबद्ध भई धैर्यता कायम राख्न हामी हार्दिक अपिल गर्दछौं । सामाजिक दुरी कायम राखौं, घरमै बसौं-सुरक्षित रहौं, आफु बचौं अरुलाई बचाऔं, अमुल्य जीवन जोगाऔं, समय-समयमा सावुन-पानीले हात धोऔं, सतर्क हौऔं-सुरक्षित रहौं !**

**धन्यवाद ,**

**२०७६ साल चैत ३० गते आईतबार, काठमाण्डौं ।**

(हरि राज खरेल)
महासचिव

(पदमराज रेग्मी)
अध्यक्ष